# सेना प्राड विवाक (भर्ना, बढुवा र सेवा शर्त) नियमहरु, २०२९

नेपाल राजपत्रमा प्रकाशित मिति

२०२९।४।२

संशोधन

सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० २०७०।१।३०

सैनिक ऐन, २०१६ को दफा ११ र १६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :- (१) यी नियमहरुको नाम "सेना प्राड विवाक (भर्ना, बढुवा र सेवा शर्त) नियमहरु, २०२९" रहेको छ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषा :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरुमा :-

"सेना प्राड विवाक" भन्नाले ◆सैनिक ऐनमा उल्लेखित अधिकृत सम्झनु पर्छ ।

३. सैनिक प्रवर समिति :- सेना प्राड विवाकमा नियुक्तिको लागि सिफारिस गर्ने देहाय बमोजिमको एक सैनिक प्रवर समिति रहनेछ ।

(क) प्रधान सेनापतिले तोकेको रथी वा सोभन्दा माथिल्लो दर्जाको अधिकृत - अध्यक्ष

(ख) प्रधान सेनापतिले तोकेको प्रमुख सेनानी वा सोभन्दा माथिल्लो दर्जाको अधिकृत - सदस्य

(ग) लोक सेवा आयोगको प्रतिनिधि -सदस्य

(घ) सैनिक विनय निर्देशक (डी.एम.टी.) - सदस्य-सचिव

---

◆ सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा संशोधित ।

४. नियुक्ति :- (१) नियम ३ बमोजिमको सैनिक प्रवर समितिले सिफारिस गरेको उम्मेदवारलाई आयुक्त पद प्रदान गर्न प्रधान सेनापतिले ✂.......... स्वीकृतिको निमित्त नेपाल सरकार रक्षा मन्त्रालयमा पेश गर्नेछ र स्वीकृति प्राप्त भएको मितिदेखि उक्त उम्मेदवारले आयुक्त पद पाउनेछ ।

(२) यसरी छानिएका उम्मेदवारलाई शुरुमा उप-सेनानी दर्जा प्रदान गरिनेछ र बेसिक सैनिक तालिम दिइनेछ ।

५. न्यूनतम योग्यता :- देहायका योग्यता नभै कुनै पनि उम्मेदवार सेना प्राड विवाकको लागि प्रवर समितिबाट लिइने परीक्षामा सम्मिलित हुन पाउने छैन ।

(क) छानिने वर्षको वैशाख १ गते उनन्तीस वर्ष ननाघेको,

(ख) कानूनमा स्नातकको उपाधि प्राप्त गरेको,

(ग) नेपाली नागरिक,

(घ) राजनीतिमा नलागेको,

(ङ) सैनिक मेडिकल बोर्डबाट उत्तीर्ण भएको ।

६. बढुवा र कायम मुकायम :- (१) समयको अवधिबाट पद खाली छ भने पक्का दर्जामा (सब्सटचाण्टीभ) बढुवा देहाय बमोजिम हुनेछ :-

उप-सेनानीबाट सह-सेनानीमा -- -- -- दुई वर्षको सन्तोषजनक सेवा पुगेपछि

सह-सेनानीबाट सेनानीमा -- -- -- सात वर्षको सन्तोषजनक सेवा पुगेपछि

सेनानीबाट प्रमुख सेनानीमा -- -- -- बाह्र वर्षको सन्तोषजनक सेवा पुगेपछि

प्रमुख सेनानीबाट महा सेनानीमा ------ सोह्र वर्षको सन्तोषजनक सेवा पुगेपछि

(२) पक्का दर्जाको (सब्सटचाण्टीभ) पदबाट पद खाली छ भने एक तह माथिल्लो दर्जाको पदमा कायम मुकायम (एक्टीङ्ग) बढुवा गर्न सकिनेछ ।

---

✂ सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा झिकिएको ।

७. तलब :- सेना प्राड विवाकको तलब नेपाली सेनाका तलब स्केल बमोजिम हुनेछ ।

८. बचाउ :- यी नियमहरुमा लेखिए जति कुराहरु माथि नियमहरु बमोजिम र अरु कुराहरु ✂……. सैनिक प्राविधिक सेवा नियमहरु, २०१९ बमोजिम हुनेछ ।

नेपाल कानून आयोग

✂ सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा झिकिएको ।
रुपान्तर : १.केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।
२. सैनिक ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :
"शाही नेपाली सेना" को सट्टा "नेपाली सेना" ।